मिति: २०८२।०५।१५ गते

गाउँ कार्यपालिका

आज मिति २०८२।०५।१५ गते आईतबारका दिन बिहान ११:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

CamScanner

मितिः २०८२।०५।१५ गते गाउँ कार्यपालिका बैठक नं. ६८

| क्र.सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | बागमती गाउँपालिकाको स्थानीय दररेट सम्बन्धमा। | |
| ३ | "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा। | |
| ४ | नदीजन्य पदार्थको मौज्दात प्रमाणित गर्ने प्रयोजनार्थ प्राविधिक समिति गठन सम्बन्धमा। | |
| ५ | नदीजन्य पदार्थको IEE सम्बन्धमा। | |
| ६ | करार सेवामा कर्मचारी भर्ना सम्बन्धमा। | |
| ७ | बार्षिक खरिद योजना सम्बन्धमा। | |
| ८ | कार्यविधि निर्माण सम्बन्धमा। | |
| ९ | विविध १, २ र ३ | |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुर्फुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

सर्केश घलान
अध्यक्ष

CamScanner

## निर्णयहरु

**निर्णय नं. ०१**

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा सम्पन्न अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

**निर्णय नं. ०२**

प्रस्तावित विषय नं. ०२ माथि छललफल गर्दा बागमती गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिको मिति २०८२/०४/३० को निर्णयबाट आ.व. २०८२/०८३ का लागि *अनुसूची १* अनुसारको बागमती गाउँपालिकाको स्थानीय दररेट एवं सोसँग सम्बन्धित दररेट विश्लेषण आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त स्थानीय दररेट सर्वसम्मतिमा स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै मिति २०८२/०४/३० को स्थानीय दररेट समितिको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ०३**

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा बागमती गाउँपालिकाको 'घ' बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ३ बमोजिम नयाँ इजाजतपत्रका लागि रहर सिं थिङ प्रोपाइटर रहने गरी चौराह बागमती कन्स्ट्रक्शन प्रा.लि. ले पेश गरेको आवेदन, आवश्यक कागजातहरु र प्राविधिक टोली/समितिको सिफारिस समेत आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त सबै प्रकृयालाई स्वीकृत गरी इजाजतपत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

**निर्णय नं. ०४**

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा बागमती गाउँ कार्यपालिकाको कार्यालय र सहज बालुवा प्रशोधन तथा सप्लायर्स प्रा.लि. बागमती-०७ लामीटारको बीचमा नदीजन्य पदार्थ संकलन तथा बिक्रीका लागि मिति २०८१/११/०९ गते भएको सम्झौता मुताबिक स्थानीय राजश्व बाँडफाँड अन्तर्गत आय ठेक्का व्यवस्थापन गरी कार्य अगाडि बढाईएकोमा सम्झौतामा उल्लिखित परिमाण सम्झौता अवधि भित्र संकलन गरिएको तर बिक्री गर्न नसकिएको कारण उक्त प्रा.लि. ले मिति २०८२/०४/२० गतेका दिन बिक्री गरी बाँकी रहेका नदीजन्य पदार्थको मौज्दात प्रमाणित गरिदिनका लागि निवेदन माग भइ आएको हुँदा उक्त संकलित नदीजन्य पदार्थको यकिन गरी मौज्दात प्रमाणित गर्ने प्रयोजनार्थ देहाय बमोजिम प्राविधिक समिति गठन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | नाम, थर र पद | पदाधिकार | कैफियत |
|---|---|---|---|
| १ | दन्तलाल माझी, पूर्वाधार विकास समिति संयोजक | संयोजक | |
| २ | टोनी प्रकाश चौधरी, इञ्जिनियर | सदस्य | |
| ३ | दिनेश बानियाँ, फोकल पर्सन | सदस्य-सचिव | |

सर्केश घलान
अध्यक्ष

CamScanner

<u>निर्णय नं. ०५</u>

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा बागमती गाउँपालिकाको खोला, [illegible] नदीजन्य पदार्थ संकलन एव बिक्री गर्ने प्रयोजनार्थ जिल्ला समन्वय समिति मकवानपुरबाट स्वीकृत प्रारम्भिक [illegible] अनुसार देहाय बमोजिम दुइवटा प्याकेजमा IEE गर्ने एवं उक्त IEE सम्बन्धी परामर्शको कार्य चालु आ.व. २०८२/०८३ मा सेवा र परामर्श शीर्षकमा बिनियोजित रकमबाट व्यहोर्ने सर्वसम्मतिमा निर्णय गरियो।

<u>देहाय</u>

| क्र. सं. | स्वीकृत स्थान | वडा नं. | प्याकेज | बिनियोजित बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिरुवा खहरे खोला | १, २ र ३ | खण्ड १ | ४,००,०००।- | |
| २ | लम्कना खहरे खोला | ४ | | | |
| ३ | भैंसे खहरे खोला | १ र ४ | | | |
| ४ | जोखने खहरे खोला | ४ | | | |
| ५ | चँदि खहरे खोला | ४ र ५ | खण्ड २ | ४,००,०००।- | |
| ६ | धन्साई खहरे खोला | ७ र ८ | | | |
| ७ | मन्साई खहरे खोला | ७ | | | |

<u>निर्णय नं. ०६</u>

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ मा बिनियोजित संङ्घीय सशर्त अनुदान, गाउँपालिकाको आन्तरिक बजेट, परियोजना कार्यान्वयानार्थ साझेदारीमा बिनियोजित रकमको कार्यान्वयन गर्नका लागि देहायानुसारका पदहरुमा सेवा करारमा कर्मचारीहरु भर्ना गरी नियुक्ति गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

<u>देहाय</u>

क) चालु आ.व. २०८२/०८३ मा बिनियोजित सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत **"एक पालिका एक भेटेरिनरी डाक्टर"** कार्यक्रम कार्यान्वयानार्थ स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन सम्बन्धी कार्यविधि, २०८१ अनुसार अधिकृतस्तर छैटौं पशु चिकित्सक १ पदमा विज्ञापन गरी पदपूर्ति गर्ने।

ख) चालु आ.व. २०८२/०८३ मा बागमती गाउँपालिकाको **उसु प्रशिक्षकको पारिश्रमिक** शीर्षकमा बिनियोजित बजेटको कार्यान्वयन एवं बागमती गाउँपालिकामा उसु खेलको विकास एवं प्रवर्द्धन मार्फत व्यावसायिक रुपमा प्रतिस्पर्धी खेलाडी उत्पादन गर्नका लागि तह बिहीन उसु प्रशिक्षक १ पदमा विज्ञापन गरी पदपूर्ति गर्ने।

ग) चालु आ.व. २०८२/०८३ मा बिनियोजित सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत **"म स्वस्थ, मेरो समुदाय स्वस्थ: घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** कार्यान्वयानार्थ तोकिएको शर्त, कार्यविवरण तथा जिम्मेवारी अनुसार अधिकृतस्तर सातौं तहको जनस्वास्थ्य अधिकृत १ पदमा विज्ञापन गरी पदपूर्ति गर्ने।

घ) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ पालिका भित्र सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह, वैदेशिक रोजगारी सँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा मार्फत समुदायमा मानसिक स्वास्थ्य समस्यामा परेका व्यक्तिहरुको पहिचान गरी सचेतीकरण लगायतका विविध क्रियाकलापहरु संचालनार्थ चालु आ.व. २०८२/०८३ बाट यस गाउँपालिकामा **सुरक्षित आप्रवासन (सामी)** परियोजनाको प्रभावकारी कार्यान्वयानार्थ मनोसामाजिक परामर्शकर्ता पाचौं तह १ र रिटर्नि स्वयमसेवक (तह बिहीन) २ पदमा विज्ञापन गरी पदपूर्ति गर्ने।

[illegible] थापा
अध्यक्ष

ङ) चालु आ.व. २०८२/०८३ मा विनियोजित सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिकमा एकमुस्ट विनियोजित बजेट कार्यान्वयानार्थ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५ अनुसार चौथो तहको उद्यम विकास सहजकर्ता १ पदमा विज्ञापन गरी पदपूर्ति गर्ने।

निर्णय नं. ०७

प्रस्तावित विषय नं. ०७ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२।०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम एवं बजेटको प्रभावकारी रुपमा योजनाबद्ध ढंगबाट कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयले तयार पारी कार्यालय प्रमुख मार्फत आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको *अनुसूची-२* बमोजिमको बागमती गाउँपालिकाको आ.व. २०८२।०८३ को बार्षिक खरिद योजना स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै बार्षिक खरिद योजनाको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो।

१. बजेट निकासा, विभिन्न परिस्थितिजन्य कारणहरुले बार्षिक खरिद योजना बमोजिम कार्यान्वयनमा समस्या देखिएमा गाउँ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्यालयले समयावधिका आधारमा सोको Spirit लाई मध्यनजर गर्दै कार्यान्वयन समयावधिमा आवश्यक परिमार्जन सहित संशोधन गरी कर्यान्वयन गर्ने ।
२. सकेसम्म निर्धारित बार्षिक खरिद योजना बमोजिम नै कार्यान्वयन प्रक्रिया अगाडि बढाउन कर्मचारी र जनप्रतिनिधिको समन्वय र सहकार्यमा यथेष्ट प्रयास गर्ने।
३. कार्यान्वयनको क्रममा बार्षिक खरिद योजना गाउँ कार्यपालिकाको कार्यालयले औचित्यको आधारमा परिमार्जन गर्न सक्ने र सोको जानकारी गाउँ कार्यपालिका गराउने।
४. बार्षिक खरिद योजनामा समावेश नभएका विभिन्न सरकारी एवं गैह सरकारी संघ-संस्थाको बजेट कार्यालय सँगको प्रत्यक्ष एवं प्रभावकारी समन्वयमा कार्यान्वयन गर्ने।
५. बार्षिक खरिद योजना बमोजिम प्रत्येक शाखाले त्रैमासिक/चौमासिक योजना बनाई समन्वयात्मक ढंगबाट चुस्त र प्रभावकारी कार्यानवयन गर्ने।

निर्णय नं. ०८

प्रस्तावित विषय नं. ०८ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी, विधिसम्मत एवं प्रकृयागत ढंगबाट प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई देहायानुसारको कार्यविधिको मस्यौदा निर्माणका लागि अनुरोध गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कै. |
|---|---|---|
| १ | बागमती गाउँपालिकामा संचालित अटो रिक्सा संचालन, व्यवस्थापन एवं नियमन सम्बन्धी कार्यविधि, २०८२ | |

सर्केश घलान
अध्यक्ष

CamScanner

निर्णय नं. ०९

प्रस्तावित विषय नं. ०९ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. बागमती प्रदेश सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय/पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय हेटौंडा, मकवानपुरको मिति २०८२/०५/०६ गते प्रकाशित समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहहरुलाई प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ६ को उपदफा ३ बमोजिम अनुसूची १ को क्र.सं. १३ पशुपंक्षीजन्य बस्तु अन्तर्गत यस गाउँपालिकाको वडा नं. ०२ मा बाख्रा प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि सोही कार्यविधिको दफा ११ को उपदफा १ र दफा १२ को उपदफा २ बमोजिमको लागत साझेदारी व्यहोर्ने।

२. बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कानुन तर्जुमा तथा फैसला कार्यान्वयन शाखाको प.सं. २०८२।०८३, च.नं. १०३, मिति २०८२।०५।१५ गतेको प्राप्त पत्रानुसार बागमती गाउँ कार्यपालिकाको कार्यालयमा करार सेवामा न्यायिक सहजकर्ता पदमा कार्यरत श्रीदेवी गोलेको करार सेवा अवधि थप गरी करार सम्झौता गर्ने।

३. सङ्घीय सरकार तथा बागमती प्रदेश सरकार अन्तर्गत चालु आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने गरी यस बागमती गाउँपालिका क्षेत्र भित्रका विभिन्न वडाहरुमा योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन भएकोमा यस गाउँपालिकाको भूगोल भित्र कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको लक्ष्य एवं उद्देश्य अनुरुपको निर्दिष्ट परिमाण र गुणस्तर कायम गर्दै उक्त योजना तथा कार्यक्रम सम्पन्न गर्ने प्रयोजनार्थ आवश्यक जानकारी लिने, राख्ने, समन्वय, सहकार्य र सहजीकरण गर्ने दायित्व बागमती गाउँपालिकाको हुने भएकोले विद्यमान अवस्थामा कतीपय योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा गाउँपालिकासँग संचार, समन्वय र सहकार्यको सम्बन्धित निकायबाट अभाव भएको एवं आम नागरिक, उपभोक्ता र सरोकारवालाहरुबाट समेत योजना तथा कार्यक्रम कार्यान्वयन, कामको परिमाण र गुणस्तरका सन्दर्भमा चासो, चिन्ता र गुनासा व्यक्त गरेको सन्दर्भ तथा बागमती गाउँपालिका क्षेत्र भित्रका नदी, खोला एवं खहरेबाट उक्त योजनाहरु कार्यान्वयनका क्रममा प्राविधिक लागत अनुमान अनुसार प्रयोग गरिने ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरुको प्रयोग बापतको शुल्कका विषयमा सम्बन्धित कार्यालयहरुका फरक-फरक बुझाई र धारणा रहेको, गाउँपालिकामा उक्त नदीजन्य पदार्थ प्रयोग बापतको शुल्क नबुझाईएको खण्डमा पनि योजनाहरु फस्यौंट एवं फरफारख हुने गरेको कारण गाउँपालिकाको स्थानीय राजश्व बाँडफाँड बापतको आन्तरिक आयमा न्यून हुन गई उक्त स्रोत अन्तर्गतका योजना तथा कार्यक्रममा विनियोजित बजेट कार्यान्वयन प्रभावित हुन पुगेको एवं कतीपय अवस्थामा राजश्व चुहावट तथा हिनामिना हुनसक्ने जोखिमको सम्भावना समेत प्रबल रहेकोले उल्लिखित सन्दर्भहरु समेतलाई मध्यनजर गर्दै बागमती गाउँपालिका क्षेत्रका भूगोल भित्र कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यालयहरुबाट प्राविधिक लागत अनुमान माग गर्ने, योजनाको लागत अनुमानमा नदीजन्य पदार्थको परिमाण

सर्केश घलान
अध्यक्ष

*मितिः २०८२।०५।१५ गते* *गाउँ कार्यपालिका* *बैठक नं. ६८*

समावेश भए-नभएको यकिन गर्ने प्रयोजनार्थ आधिकारिक तबरले कार्यक्रम सहित सम्बन्धित कार्यालयले गाउँपालिकालाई स्पष्ट रुपमा पूर्व जानकारी गराउनु पर्ने, तोकिएको परिमाण र गुणस्तर कायम गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिने, नदीजन्य पदार्थको शुल्क बापतको रकम गाउँपालिकामा अनिवार्य रुपमा बुझाए पश्चात् मात्र योजनाको फस्यौंट एवं फरफारख गरिनु पर्ने विषयमा सम्बन्धित निकायलाई पत्राचार गर्न र आवश्यक कार्वाही अगाडि बढाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय लगायतका सरोकारवालाहरु तथा अन्य कार्यालयहरुलाई समेत अवगत गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

सर्केश घलान
अध्यक्ष